नियम/दर्ता नं. ३३

# गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, २०७६

गाउँपालिका वाट स्वीकृत भएको मिति : २०७६।१०।२९

छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी धनकुटा, १ नं. प्रदेश, नेपाल

# गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, २०७६

**प्रस्तावनाः**

नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दीगो आर्थिक बृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रुपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिचाई, बजार व्यवस्था, उन्नत प्रविधिहरू सडक, बिद्युत, कृषि उद्योग) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मूल समस्याका रुपमा रहेका छन् । आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवं सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन विकाश गरी छथरजोरपाटी गाउँपालिका खाद्यन्नमा आत्मनिर्भर वन्न कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ र प्रशासकीय निर्देशिका नियमित गर्ने ऐन, २०७४ को उपदफा ३ को अधिकार प्रयोग गरी **"गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, ०७६"** जारी गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिका को नाम **"गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, ०७६"** रहेकोछ ।

ख) यो निर्देशिका छथर जोरपाटी गाउँपालिका बाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

१ "स्थानिय तह" भन्नाले छथर जोरपाटी गाउँपालिका सम्झनु पर्नेछ ।

२ "कृषि शाखा" भन्नाले छथर जोरपाटी गाउँपालिका अन्तरगत गठीत कृषि शाखालाई सम्झनु पर्नेछ ।

३ "समुह" भन्नाले समुह समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०७५ वमोजिम दर्ता भएका समुहलाई सम्झनु पर्नेछ ।

४ "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषि/पशु फार्म वा कम्पनी वा कृषक समुह वा सहकारी संस्थाहरुलाई सम्झनु पर्नेछ ।

५ "सहकारी" भन्नाले सहकारी ऐन, २०७५ वमोजिम गठन तथा संचालन भई आएको संस्थालाई सम्झनु पर्नेछ ।

६ "निर्देशिका" भन्नाले "गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, ०७६" लाई सम्झनु पर्नेछ ।

७ "साझेदार" भन्नाले कुनै उद्देश्य अनुसारका कार्यक्रम संचालनका लागी तोकीएका शर्तहरु पालन गर्ने गरी साझेदार गर्न तयार व्यवसायीक कृषक, नीजि फार्म, कम्पनी संचालक, व्यावसायी उत्पादक समुह वा सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

८ "कृषक" भन्नाले कृषिजन्य वा पशुजन्य वस्तु उत्पादन प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक खेती वा पशुपालन गर्ने कृषक, कृषक समूह सदस्यहरु, कृषि व्यवसायी, कृषि फार्म संचालक र कृषि सहकारी सदस्यहरुलाई समेत सम्झनु पर्दछ ।

९ "आर्थिक विकाश समिति" भन्नाले गाउँपालिका द्वारा गठीत आर्थिक विकाश समितिलाई सम्झनु पर्दछ ।

१० "हाट-बजार" भन्नाले कृषि उपज तथा पशुजन्य पदार्थ लगायत अन्य स्थानीय उत्पादनविक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्दछ ।

११ "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्दछ ।

१२ "कृषि व्यवसाय" भन्नाले "कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५" ले निर्दिष्ठ गरेको व्यवसायलाई सम्झनु पर्दछ ।

१३ "व्यवासयको ईजाजत पत्र" संचालन गरि आएको सम्वन्धित कृषि व्यवसायको सम्वन्धित वडा कार्यालय वाट दिईने ईजजात पत्र लाई सम्झनु पर्नेछ ।

१४ "कृषि प्रवर्द्धन समिति" भन्नाले कृषि प्रवर्द्धन ऐन २०७५ द्वारा गठित समितिलाई सम्झनु पर्नेछ ।

**३. उदेश्यहरु :**

१ स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बृद्धि गर्ने ।

२ कृषिको व्यवसायीकरण तथा विविधिकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरू सृजना गर्ने ।

३ कृषि क्षेत्रको ब्यावसायिकरण गर्न उत्पादकत्व वृद्धि गरी छथरजोरपाटी गाउँपालिकालाई खाद्यन्नमा आत्मनिर्भर वनाउने ।

४ गरिव, न्यून आय भएका र भूमीहिन कृषकहरुलाई कृषिमा संलग्न गराई उनीहरुको आयाआर्जन वढाउने ।

५ श्रोत साधनमा पहुँच नभएका र राज्यले प्रदान गर्ने अवसरमा तुलनात्मक रुपमा न्यून पहुँच भएका समूहका कृषकहरूको आवश्यकतालाई समेटने ।

६ कृषि कार्यक्रमलाई ब्यावस्थित, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन कार्यन्वयन गर्ने ।

७ कृषि व्यवसायको विकाश गर्दा रसायनिक तथा घातक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङगारीक मलखादको प्रयोगलाई बढवा दिने ।

## परिच्छेद-२
## कार्यक्रम संचालन सम्वन्धी व्यवस्था

**४. योजना/कार्यक्रम छनौट, निमार्ण तथा लागू हुने :**

१ स्थानीय कृषक, समुह, समिति, नीजि फार्म, सहकारी संस्थाहरुको आवस्यकता र मागको आधारमा कृषि शाखाले प्रत्येक आ.व.मा कृषि कार्यक्रमहरुको पहिचान, छनौट वा सम्पादन गरी गाउँपालिकाको गाउँसभामा योजनाहरुको सूची अनुसूची - १ वमोजिम पेश गरिनेछ ।

२ गाउँसभा वाट स्वीकृत कार्यक्रम र वजेटको परिधि भित्र रहि विनियोजित चौमासिकमा संचालन गरिने कार्यक्रमहरु स्थानीय संचारका साधनहरु मार्फत प्रस्ताव माग गरी सार्वजनीक गरिनेछ ।

३ अनुसूची - १ मा जुनसुकै कुरा लेखिएको भएतापनि गरीवी परिचय पत्र प्राप्त भूमिहीन सुकुम्वासी, शहिद परिवार, अपाङग परिचय पत्र प्राप्त कृषक, दलित, एकल महिलालाई विशेष प्राथमिकता दिई क्र.सं. १,२,३ र ४ मा सहभागीहरुको किसिममा उल्लेखित अवस्था लागु हुने छैन ।

**५. कार्यक्रम संचालन, कार्यान्वयन प्रकृया, जिम्मेवारी तथा दायित्व सम्वन्धी व्यवस्था :**

१ गाउँसभा वाट स्वीकृत कार्यक्रमहरुमा सहभागी हुन अनुसूची-२ वमोजिमको ३० दिने सुचना मार्फत अनुसूची-३ वमोजिमको ढाँचामा प्रस्ताव माग गरिनेछ ।

२ प्रकासित सूचना अनुसार प्राप्त प्रस्तावहरुको कागजातहरु छानविन गरी Screening गर्ने, स्थलगत प्रमाणीकरण, समुह संचालन अवस्थाको अध्ययान गर्ने, फिल्ड अनुगमन निरीक्षण, कार्यक्रमको लक्ष अनुसार अनुसूची-५ वमोजिमको मुल्याङ्कन फारम साथ प्रस्तावकहरुको प्राथमिकिकरण (प्राप्ताङ्कको आधारमा) निर्धारण सहित यर्थाथ विवरण तयार गरि आर्थिक विकाश समितिमा अन्तिम स्वीकृतका लागी मुल्याङकन उप समितिले पेश गर्नेछ ।

देहाय वमोजिमको ३ सदस्य मुल्याङकन उप समिति रहने छ ।

| | |
|---|---|
| सम्वन्धित विषयगत शाखाका प्रमुख | संयोजक |
| सम्वन्धित वडा कार्यालयका एक जना प्राविधिक | सदस्य |
| स्थलगत निरिक्षणमा सहभागी भएका प्राविधिक | सदस्य |

३ आर्थिक विकाश समितिले अनुमोदन स्वीकृत पस्चात (मुख्य र वैकल्पीक) प्रस्तापकको नाम ठेगाना सहित सम्झौताका लागी सम्वन्धीत वडा कार्यालयहरु वा स्थानिय संचारका साधानहरु वाट ७ दिने सूचना प्रकाशन गरि जानाकारी गराई अनुसूची-६ वमोजीमको सेवा शर्त रहने गरी शाखाले द्विपक्षी सम्झौता गरिनेछ । नतिजा प्रकासित मितिले ७ दिन भित्र मुख्य प्रस्तावक संग सम्झौता नभए वैकल्पीक प्रस्तापक संग द्विपक्षी सम्झौता गरिनेछ ।

४ सम्झौता मुताविकको कार्यहरु निर्धारीत समय सिमा भित्र गुणस्तरीय रुपमा सम्पादन गर्ने दायित्व सम्वन्धित सेवाग्राही सदस्य, समुह फार्म वा सहकारीको हुनेछ ।

५ रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही हुने छैन तर दुई प्रस्तावहरु समान अंक भएमा आवेदन दर्ता गर्दा पहिलो भएको प्रस्तावलाई छनौट गरिनेछ ।

६ दफा ५.१ वमोजिम प्रकासित सूचना अनुसार निर्धारित समय भित्र सम्वन्धित शाखामा आवस्यक संख्यामा आवेदन दर्ता हुन नआएमा शाखाले १४ दिने सूचना पुनः प्रकाशन गर्न सक्नेछ ।

७ कार्यक्रम संचालनका वखत विषय विशेषज्ञको आवस्यक परेमा सम्वन्धित शाखा संग समन्वय गरी अन्य निकायहरु वाट साझेदारले ल्याउन सक्नेछ ।

८ सम्झौता अनुसारको कार्यक्रम सम्पन्न प्रतिवेदन तयारी, भुक्तानी सिफारीस गर्ने जिम्मेवारी र दायित्व सम्वन्धित शाखाको हुनेछ ।

९ दफा ५ उपदफा ८ मा जुनसुकै कुरा लेखिएको भएता पनी गाउँपालिका कृषि प्रवर्द्धन समिति वा गाउँपालिका कार्यक्रम अनुगमन समितिले सम्पन्न कार्यक्रमको अनुगमन पस्चाल भुक्तानी सिफास गर्नु पर्नेछ ।

**६. कार्यक्रममा सहभागी हुन पाउने साझेदार संस्थाहरु :**

१ कृषक, व्यवसायीक नीजि फार्म, कम्पनीहरु ।

२ कृषक समुह, सहकारी संस्थाहरु ।

**७. कार्यक्रम संचालनका शर्त तथा वन्देजहरु :**

१ सम्झौतामा उल्लेख भए अनुसार मापदण्ड अनुरुपको कार्य सम्पादन गर्नु पर्नेछ ।

२ हरेक कार्यक्रमको वार्षिक प्रगती शाखालाई सेवाग्राही सदस्य, समुहले अनिवार्य दिनु पर्नेछ ।

३ अनुदान कार्यक्रम प्राप्त गर्ने संस्थाले कार्यक्रम स्थलमा कार्यक्रम सार्वजानिक हुने गरि वजेट लगायतको सम्पूर्ण विवरण खुलाई वोर्ड राख्नु पर्नेछ ।

४ सम्वन्धित अनुगमन समितिको अनुगमन सम्पन्न भए पछि आवस्यक विल भपाईको चेक जाँच तथा राजश्व, कन्टिनजेन्सी नियमनुसारको अन्य करहरु कट्टा गरी वाकी अनुदान रकम साझेदार सेवाग्राही सदस्यको वैक खातामा भुक्तानी गरिनेछ ।

५ अनुदान कार्यक्रम प्राप्त गर्ने संस्था वा सदस्यले सोहि प्रकृतीको कार्यक्रममा कम्तिमा २ वर्ष सम्म सहभागी हुन पाईने छैन ।

६ फलफूल खेतिका लागी जमिनको तयारी, मलखाद्य, सिचाई, घेरावेरा आदि कार्यमा साझेदार संस्थाले ५० प्रतिशत लगानी साझेदार गर्नु पर्नेछ ।

## परिच्छेद-३

कृषि कार्यक्रम सम्वन्धी अन्य व्यवस्था

**१२. आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखा, लेखाकंन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यबिधि ऐन, २०५५ आर्थिक कार्यबिधि नियमावली २०६४, सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

**१३. अनुगमन, मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि ब्यावस्था :**

यस कार्यक्रमको अनुगमन पालिका स्तरिय अनुगमन समिति, आर्थिक विकाश समितिले गर्नेछ । साथै संघिय सरकार, विषयगत मन्त्रालय, प्रदेश सरकारले गर्न सक्नेछ र सो को मासिक, चौमासिक, वार्षिक प्रगती, प्रतिबेदन सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

**१४. कार्वाहिको व्यवस्था :**

प्रस्ताव स्वीकृत भएका समुह सदस्यहरुले आवेदन (परियोजना) र सम्झौंता अनुसारको कार्यक्रम सम्पन्न नगरी अनुदान रकमलाई दूरुपयोग गरेको पाइएमा शर्तवमोजिम वा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम वाँकी सरह असुल उपर गरिनेछ ।

**१५. प्रचलित कानुन लागु हुने :**

यस निर्देशिकामा उल्लेख भएका कार्यक्रमहरु यसै वमोजीम संचालन हुनेछन् निर्देशिकामा उल्लेख नभएका हकमा सम्वन्धित प्रचलित नेपाल कानुनमा उल्लेख भए वमोजिम कार्यान्वयन हुनेछ ।

**१६. खारेजी तथा वचाउ :**

क) छथरजोरपाटी गाउँपालिका द्धारा कार्यक्रम संचालन गर्नका लागी “गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, ०७६” जारी गरीएको छ ।

ख) यो कार्यविधि अन्तरगत संचालित कार्यक्रमहरु छथरजारपाटी गाउँपालिका भित्र मात्र लागु हुनेछ ।

ग) विगत आ.व. वाट यस सम्वन्धी संचालन भई आएका सवै कार्यक्रमहरु यसै वमोजिम भए गरेको मानिनेछ ।

**१७. निर्देशिका संशोधन तथा परिमार्जन गर्न सक्ने :**

१ यो कार्यबिधिको कार्यान्वयनलाई थप ब्यावस्थित र प्रभाकारी बनाउन गाउँपालिकाले आबश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेज गर्न सक्नेछ ।

२ यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाको वैठकले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**अनुसूची-१**

दफा ४.१ संग सम्वन्धित

| सि. नं. | कार्यक्रम विवरण | सहभागीको किसिम | कैफियत |
|---|---|---|---|
| १ | **वागवानी विकाश कार्यक्रम** | | |
| | हिउदे फलफुल वगान विस्तार ५०% अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | बर्खे फलफुल वगान विस्तार ५०% अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | फलफूल नर्सरी स्थापना ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | पुष्प खेती विस्तार ५०% अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | | | |
| २ | **तरकारी तथा मसलावाली विकाश कार्यक्रम** | | |
| | वन्दा विउ ५०% अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | मटर विउ ५०% अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | कुरिलो खेती ५०% अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | काउली विउ ५०% अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | अदुवा विउ वितरण ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | अलैची वेर्ना वितरण ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | वेसार विउ वितरण ५०% अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | टि पि यस आलु विउ ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | गाजर मुला विउ ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | टमटर विउ ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | च्याउ खेती विस्तार ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | अकवरे खुर्सानी खेती कार्यक्रम ५० % अनुदान | ३ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | | | |
| ३ | **वाली विकाश कार्यक्रम** | | |
| | मकै खेती कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | धानको खेती कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | कोदो खेती कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | फापर खेती कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | मौरी पालन कार्यक्रम ५० % अनुदान | १० घार भन्दा वडी भएको | |
| | गहु खेती कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | वदाम खेती कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | दलहन तेलहन खेति कार्यक्रम ५० % अनुदान | ५ रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | | | |
| ४ | **औद्योगिक वालि विकाश कार्यक्रम** | | |
| | चिया तथा कफि विस्तार कार्यक्रम ५० % अनुदान | १० रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | जुट तथा लोकता खेती विस्तार ५० % अनुदान कार्यक्रम | १० रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | जडिवुटी खेती विस्तार कार्यक्रम ५० % अनुदान | १० रोपनी क्षेत्रफल भन्दा वडी भएको | |
| | | | |
| ५ | **कृषि मेसिनरी अनुदान कार्यक्रम** | | |
| | पावर टिलर ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक, समुह, सहकारी | |
| | हाते आरा ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक, समुह, सहकारी | |
| | सिकेचर ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | प्लाष्टीक स्प्रेयर ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | गुम्ती, पन्जा ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | प्लाष्टीक टनेल ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |

| | | | |
|---|---|---|---|
| | हजारी ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | फुट एस्प्रे ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | सोलर ड्रायर ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | कोदो कुटने मेसिन ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | थ्रेसर मेसिन ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | मकै रोप्ने मेसिन ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | मकै छोडाउने मेसिन ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | | | |
| ६ | **कृषि प्रसार कार्यक्रम** | | |
| | कृषक तालिम कार्यक्रम | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | मिनिकिट वितरण कार्यक्रम | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | कृषक भ्रमण कार्यक्रम | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | वालि शिविर कार्यक्रम | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | फेरोमन ट्याप वितरण कार्यक्रम | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | वोडो पेष्ट प्रदशनी कार्यक्रम | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | | | |
| ७ | **साना सिचाई कार्यक्रम** | | |
| | प्लाष्टीक पोखरी निमार्ण ७५% अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | पोखरी निमार्ण ७५% अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | थोपा सिचाई निमार्ण ७५ % अनुदान | कृषि पेशामा संग्लन कृषक,समुह, सहकारी | |
| | | | |
| ८ | **वालि संरक्षण कार्यक्रम** | | |
| | कृषि चुना वितरण ८० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | जैविक किटनाशक औषधी उत्पादन र वितरण ८० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | प्राङगरीक मलखाद उत्पादन वितरण ८० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | माटो परिक्षण शिविर कार्यक्रम | मागको आधारमा संचालन | |
| | | | |
| ९ | **अन्य कार्यक्रम** | | |
| | कृषि पर्याटन प्रवर्द्धन कार्यक्रम ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | खेरा गएको सार्वजानीक जग्गामा फलफूल खेती विस्तार कार्यक्रम ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | यूवा स्वारोजगार कृषि कार्यक्रम ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | भकारो सुधार कार्यक्रम ५० % अनुदान | कृषि पेशामा संग्लन कृषक समुह वा सहकारी | |
| | | | |
| | | | |

**अनुसूची-२**

दफा ५.१ संग सम्वन्धित

.........................कार्यालय

स्थानिय तह कृषि कार्यक्रमको प्रस्ताव आव्हान सुचनाको ढाँचा

प्रथम पटक प्रकासित मिति : ......................

यस कार्यालयको आ.व. ......... को वार्षिक स्वीकृत कार्यक्रमको माध्यमवाट स्वरोजगार तथा कृषि व्यवसायलाई थप प्रोत्साहन सहित वेरोजगार युवा जनशक्तीलाई स्वरोजगार सृजना गर्ने, कृषि जन्य पदार्थको आयतलाई न्यूनिकरण गरी उत्पादनमा आत्मनिर्भर भई राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउने उद्देश्यका साथ ईच्छुक छथर जोरपाटी गाउँपालिका भित्र स्थाई वसोवास गर्ने वेरोजगार, अर्ध वेरोजगार कृषकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक साझेदारी कृषक तथा फार्महरुले सम्वन्धित सरकारी निकाय वाट विगत २ आर्थिक वर्ष सम्म सोहि प्रकृतिका नगद वा वस्तुगत अनुदान सहयोग नलिएका आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको १२.०० वजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु. ३००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघी वा रितनपुचाई दर्ता गरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुको "गाउँपालिका स्तरीय कृषि कार्यक्रम संचालन निर्देशिका, ०७६" मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धति द्धारा सम्वन्धित कृषक, फार्म, समुह, सहकारीहरुलाई कृषि शाखाको स्वीकृत वजेट परिधि भित्र रही कार्यक्रम उपलव्ध गराईने व्यहोरा जानाकारी गराइन्छ । पुनस्चः कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सुचित गरीन्छ ।

तपसिल :

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
२. अनुसूची-३ अनुसारको प्रस्ताव आवेदन संक्षिप्त व्यवसायीक कार्ययोजना र प्रतिवद्धता पत्र ।
३. अन्य प्रमाणित प्रमाण पत्रहरु (जग्गा धनिप्रमाण पूर्जा, व्यवसाय ईजाजत दर्ता प्रमाण पत्र, फार्म दर्ता, स्थायी लेखा नं. प्रमाण पत्र, कर चुक्ता, सम्वन्धित विषयको तालिम, शैक्षिक योग्यता, आदि) का प्रतिलिपीहरु ।
४. गरिवीको परिचय पत्र, अपाङग परिचय पत्र, एकल महिला वा शहिद परिवार, भुमिहिन तथा सुकुम्वासीको सिफारिस भएको प्रतिलिपीहरु ।

**अनुसूची-३**

प्रस्ताव आवेदनको ढाँचा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
छथरजोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

मार्फत,

श्रीशाखा प्रमुख ज्यू,
................ शाखा
छथरजोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

विषय : कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा यस गाउँपालिकाको मिति ........... ...... गतेको ..................... दैनिकमा प्रकाशित सूचना अनुसार मलाई उक्त अनुदान कार्यक्रममा सहभागी भइ कार्यक्रम संचालन गर्ने ईच्छा भएको हुदा निम्न कागजात राखी निवेदन गर्दछु । मैले कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गरेमा निर्धारित प्रकृया वा सम्झौतामा उल्लेख भए वमोजीम सम्वन्धित गाउँपालिका भित्रै रही कार्य सम्पादन गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सम्लग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपशिलः**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
२. अनुसूची-२ अनुसारको प्रस्ताव आवेदन संक्षिप्त व्यवसायीक कार्ययोजना र प्रतिवद्धता पत्र ।
३. अन्य प्रमाणित प्रमाण पत्रहरु ( जग्गा धनिप्रमाण पूर्जा, व्यवसाय ईजाजत दर्ता प्रमाण पत्र, फार्म दर्ता, स्थायी लेखा नं. प्रमाण पत्र, कर चुक्ता, सम्वन्धित विषयको तालिम, शैक्षिक योग्यता, आदि) का प्रतिलिपीहरु ।
४. गरिवीको परिचय पत्र, अपाङग परिचय पत्र, एकल महिला वा शहिद परिवार, भुमिहिन तथा सुकुम्वासीको सिफारिस भएको प्रतिलिपीहरु ।

**निबेदक**

दस्तखत :
नाम :
पद :
फार्म/संस्थाको नाम :
ठेगाना :
मिति :
संस्थाको छाप :

संक्षिप्त व्यवसायीक कार्ययोजना तथा आर्थिक प्रस्तावको ढाँचा ।

## **१. व्यवसायीक कार्ययोजना :**

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |
| प्रस्तावक संस्थाको नाम | |
| पत्राचारको लागि ठेगाना | |
| संस्थाको हकमा स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| भ्याट/पान दर्ता नं. | |
| संस्थाको टेलिफोन/मोवाइल नं. | |
| सम्पर्क व्यक्तिको नाम र मोवाईल नं. | |
| कार्यक्रम कार्यान्वियन हुने स्थान | |
| जग्गाको अवस्था | करार/लिज/निजि |
| प्रस्तावित योजना कार्यान्वियन गर्ने स्थानमा विद्यमान भौतिक सुविधाहरु | |
| सडक : छ/छैन । | पक्की/कच्ची । |
| बिजुली : छ/छैन । | सिंचाईको सुविधा : छ/छैन । |
| नजिकको बजारको नाम र दुरी : | |
| अन्य पूर्वाधारको व्यवस्था : | |
| आवेदक संस्थाको किसिम | कृषक समूह/ हकारी/उत्पादक संघ/नीजि फर्म |
| मूल्य श्रृंखलामा मुख्य कार्य | उत्पादन/प्रशोधन/बजारीकरण |
| तालिमको विवरण | |
| के तपाईको समुह/संस्थाले हाल कुनै अन्य निकाय बाट वित्तिय सहयोग पाईरहनु भएको छ ? | |
| अनुदान आवेदकको स्वामित्व सम्बन्धी विवरण (जग्गा, नगद) | |
| आवेदक संस्थाले गरेको हाल सम्मको अनुभव : | |

## **२. आर्थिक प्रस्ताव :**

| क्रियाकलाप अनुसारको खर्च र वित्तीय श्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | कार्यक्रमको किसिम | लागत विवरण | | | | वित्तीय श्रोत | | कैफियत |
| | | इकाई | परिमाण | दर | जम्मा | आवेदक संस्था रु | शाखाको रु | |
| | | | | | | | | |

*नोटः आवेदकको योगदानमा जग्गाको मुल्य र चालु खर्च समावेस गर्न पाईने छैन ।*

दस्तखत :

नाम : फार्मको छाप :

पद : मिति :

फार्मको नाम :

प्रतिवद्धता-पत्र

श्री छथरजोरपाटी गाउँपालिका ................ शाखाको मिति २०७.......... गते प्रकाशित सूचना अनुसार श्री ................ ............................... छथरजोरपाटी गा.पा. वडा नं......... का तर्फ वाट संचालक श्री ........ ..... .........ले सम्झौता अनुसार ..................... ......................... कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लागानी रु. ........................ को .................प्रतिशतले हुन आउने रु .................... ....... (अक्षरेपी ........................... ..... ... ............. ............... रुपैया मात्र) वरावरीको लगात साझेदारीमा वा आफ्नो पूर्ण लागानी आन्तरीक श्रोतवाट वेहोर्ने गरी कार्यक्रम सम्पादन गर्ने प्रतिवद्धता जाहेर गर्दछु/छौं ।

इति सम्वत २०७....साल ......., .....गते रोज ...... शुभम् ।

| दायाँ | वायाँ |
|---|---|
| | |

निवेदकको

नाम : .................

पद : कृषक/संचालक

दस्तखत :

मिति : २०  ।  ।

संस्थाको छाप :

**अनुसूची-४**

स्थलगत प्रमाणीकरण (Field Verification) फारम

१. आवेदक संस्था/फार्मको नाम : ........................................  ........................................

२. अध्यक्ष/संचालकको नाम : ....................................  ........................................

३. ठेगाना : ........................................................................................ ........................................

४. आवेदकको अवस्था : समुह/सहकारी/भुमिहिन तथा सुकुम्वासी/गरिवीको परिचय पत्र/अपाङग/एकल महिला/शहिद परिवार ।

५. कृषि व्यवसाय सम्वन्धी विवरण :

क) हाल कृषि व्यवसाय वाट आया रु ............. वार्षिक (उत्पादन ............... के.जी./मे.टन)

ख) हाल पशुपालन व्यवसाय वाट आया रु .......... वार्षिक (उत्पादन ............ के.जी./मे.टन)

ग) यस कार्यक्रम संचालन पस्चात उत्पादन रु ......... वार्षिक (उत्पादन ......... के.जी./मे.टन)

घ) पालिआएको पशुपंन्छिको संख्या ....... .................. ...................... ..............

ङ) गरिआएको कृषि व्यवसाय र क्षेत्रफल ......... .................. ............................

च) जग्गाको अवस्था ................................. ...................................... .....

६. व्यवसाय संभाव्यता/उपयुक्तता :

क) पानीको श्रोत : नीजि मुल/सार्वजानीक खोला वा सार्वजानीक धारा, कुवा वा अन्य भए .....

ख) माटोको अवस्था : दोमट (पांगो)/चिम्ट्या/बालुवा

ग) वाडी पहिरोले सभिmलै क्षति पुचाउन सक्ने अवस्था : छ/छैन ।

घ) कार्यक्रम संचालन गर्दा अन्य समुदायलाई र वातावरणिय क्षति तथा पर्न जाने असर/विरोध : ........ .................... .............................. ................................... .......................... ......

७. व्यवसाय संग मेल खाने तालिम : क) ................................... ..................................

ख) .................................... ....................................

८. संस्थागत वा नीजि फार्म :

क) दर्ता, नविकरण, करचुक्ता, लेखा प्रतिवेदन : ........................... ...............................

ख) उत्पादित वस्तुको सहजै वजारिकरण हुन सक्ने अवस्था : .........................................

९. नीजि लगानी जुटाउन सक्ने अवस्था : ...................................................................

१०. जैविक तथा पर्यावरणीय सुरक्षाको अवस्था/प्रयोग विधि : ............................ ....................

............................ ................................ .................................... ........................

११. प्रस्तावित कार्ययोजना वारे स्थलगत टोलीको राया : ........................... ............................

........................... .............................. ................................ ...............................

संचालकको दस्तखत :<br>
फार्मको छाप :<br>
मिति :

स्थलगत अनुगमन कर्ताको सहि :<br>
नाम, पद :<br>
कार्यालयको छाप :<br>
मिति :

**अनुसूची-५**

प्रस्ताव मुल्यांकनका आधार तथा मुल्याङ्कन फारम

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | उपयुक्त प्रस्तावित कार्य योजना (२०) | गरिवको प्रमाण पत्र भएका, भूमिहीन सुकुम्वासी/ शहिद परिवास एकल महिला कृषक सदस्य (१५) | व्यवसाय संग मेल खाने तालिम ( २०) | खेती पातीको अवस्था (१५) | प्रस्तावक ले लगानी जुटाउन सक्ने अवस्था (१०) | छिमेकी तथा समुदायमा पर्न जाने असर (१०) | जैविक तथा पर्चावरणीय सुरक्षा विधि (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

मुल्यांकन उप समितिका संयोजक :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन उप समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन उप समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

१. विषयगत तालिम :

क) ७ दिने १८ अंक
ख) ८ देखि १४ दिन १९ अंक
ग) १५ देखि ३० दिने वा सो भन्दा माथि २० अंक

२. खेतिको अवस्था

क) ३ देखि ५ रोपनी ५ अंक
ख) ६ देखि १० रोपनी सम्म १० अंक
ग) १५ रोपनी वा सो भन्दा माथि १५ अंक

**अनुसूची-६**

द्विपक्षी सम्झौता पत्रको नमुना

छथर जोरपाटी गाउँपालिकाको कार्यालय धनकुटा मार्फत संचालन गरिने चालु आ.व २०७ /७ को स्वीकृत र गाउँपालिका स्तरीय कृषि अनुदान कार्यक्रम संचालन गर्न …………… शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका व्यवसायी/अध्यक्ष श्री/सुश्री/श्रीमती ……………. ……. …… …… …… …… … … ………. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपसिलका शर्तनामाहरु मन्जुर गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ।

**तपशिल**

१. छनौंटमा परेका प्रस्तापकले कार्ययोजन अनुसार ……………… ………………. कार्यक्रम सचालन गर्न कम्तिमा ……….. रोपनी (…… वर्ग मिटर) क्षेत्रफल भएको जग्गा व्यवस्थापन गर्नु पर्नेछ।

२. गाउँपालिका स्तरिय ……………………………………… कार्यक्रम संचालन गर्न अनुदान वाहेक कार्ययोजनामा प्रस्ताव पेश गरे वमोजीम …….. प्रतिशत नीजि लगानी गर्न दोश्रो पक्ष मंन्जुर छ ।

३. अनुदान द्धारा संचालित आयोजनाहरु कार्ययोजन अनुसार कार्यसम्पन्न पस्चात १ वा २ किस्तामा समुह सहकारी वा प्रोपईटरको वैक खातामा जम्मा हुने गरी ड्राफ्ट, चेक वा कार्य विधि अनुसारका सामाग्री अनुदान उपलव्ध गराईनेछ।

४. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक जानाकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारका कार्यक्रमहरु व्यवसायीक रुपले संचालन गर्नु पर्नेछ।

५. दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा सामाजिक, वातावरणीय मैत्री, भौगोलीक अवस्था नविग्रने गरी जैविक सुरक्षाका विधिहरुलाई उपयोग गर्ने गरी संचालन गर्नु पर्नेछ।

६. दोश्रो पक्षले आफ्नो व्यवसाय संचालित स्थानमा देखीने गरी अनुदान र साझेदार गरिएको रकम, उत्पादन सहितको वोर्ड राख्नु पर्नेछ। संचालित कार्यक्रमको पहिलो पक्षले नियमित रुपमा अनुगमन निरिक्षण गर्नेछ।

७. यस सम्झैतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन। तर विपतव्यावस्थापन ऐन निर्देशिकामा उल्लेख भए वमोजिमको क्षतिपूर्ति वा राहात लिन अवरोध गर्ने छैन।

८. अनुदान प्राप्त गर्ने समुह, सहकारी, फार्म संचालकले कम्तीमा ……. वर्ष सम्म आफ्नो व्यवसायलाई निरन्तरता दिनु पर्नेछ।

९. निर्देशिकामा उल्लेख भए अनुसारका मासिक, चौमासीक, वार्षिक लगायत प्रगति विवरण दोश्रो पक्षले पहिलो पक्षलाई अनिवार्य नियमित वुझाउनु पर्नेछ।

१०. यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नेपाल कानुन वमोजीम हुने छ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| गाउँपालिका/………….. शाखाको तर्फ वाट सहि गर्ने | उद्यमी/संस्थाको तर्फ वाट सहि गर्ने |
| नाम : | नाम : |
| पदः | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| फोन नं. | सम्पर्क मो. नं. |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औठाको छाप :

आज्ञाले,
<u>प्रमाणिकरण गर्ने</u>

....................
श्री केशव प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा १ नं. प्रदेश, नेपाल
मिति : २०७६। । ।